Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवाना बाट वचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ८ ❑ अंक ३४ २०७६ चैत १६ गते आईतवार Sunday 29, MAR, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## लकडाउनले आम जनताको जनजीवन प्रभावित

विराटनगर । विश्वमा व्यापक रुपमा फैलि रहेको कोरोना भाइरसको संक्रमणको जोखिमवाट नेपालमा पनि चैत ११ गते देखि १८ गते सम्मका लागि लकडाउन गरे अनुसार आम नेपाली जनता घरमै बस्न वाध्य भएका छन् भने आम नेपालीको दैनिकी जनजीवन प्रभावित भएको छ ।

कोरोना भाइरसको आक्रमणवाट वच्ने अचुक उपाय लकडाउन नै भएकोले सवैले सन्यमन्ता अपनाउनु नै उत्तम भएपनि दैनिक जीवन आपनमा अव कठिनाई भई सकेको छ । दैनिक ज्याला मजदुरी गर्ने लाखौ मजदुरको घरमा खानाको अभाव हुन थालेको छ । जसरी नेपाली जनताले लकडाउनको समर्थन गरेको छ नेपाल सरकारले



पनि सोही अनुसार दैनिक जीवन आपनका लागि चाहिने आवश्यक खाद्यान सामग्री घर-घरमा पुगाउने व्यवस्था मिलाउन मानव आधिकार आयोग र नागरिक समाजले उठाई सकेको आवस्था छ ।

कोराना भाइरसको समस्या अझ वढ्न र विकाल हुन सक्छ त्यसको लागि नेपाल सरकारले लकडाउन मात्र बढाउने होइन कि लकडाउनसंगै खाद्यान सामग्री घर घरमा पुऱ्याउन आम नेपाली जनताले माग गर्न थालेका छन् ।

कोरोना भाइरसको कारण विश्व भरीमा ३० हजार बन्दा वढी मान्छेको मृत्यु भई सकेको छ भने ६ लाख ६३ हजार जति प्रभावित भएको छ भने नेपालमा विदेशवाट आएका ५ जना नेपालीमा कोरोना भाइरसको पोजिटिभ देखिएको मध्ये १ जना उपचार भई निको भई सकेको छ भने ४ जना आइसुलेसनमा उपचार गरि रहेको छ ।

कोरोना भाइरसवाट बचन लकडाउनलाई पुर्ण पालन, घरवाट वाहिर ननिस्कने, हात साबुनले हात धुने, मास्कको प्रयोग गर्ने, भिडभाडवाट टाढा बस्ने, खोक्दा-ह्याछिउ गर्दा मुख छोप्ने पायहरु रहेका छन् ।

वांकी अन्तिम पेजमा...

## निशुल्क ह्याण्ड स्यानिटाईजर तथा मास्क वितरण

विराटनगर । समुदाय प्रहरी साझेदारी अवधारणा अन्तर्गत 'प्रहरीको साथी' कार्यक्रम उद्घाटन भएको छ । विराटनगर १६ स्थित जोगवनी बोर्डरमा आयोजित कार्यक्रममा प्रमुख अतिथि तथा जिल्ला प्रहरी कार्यालय मोरङ प्रमुख प्रहरी उपरीक्षक विश्व अधिकारील युवा अभियान्ता पेरिस सुवेदीलाई ब्याज लगाई दिएर अभियानको उद्घाटन गर्नु भएको छ ।

उक्त अवसरमा प्रमुख अतिथी प्रहरी उपरीक्षक अधिकारीले भन्नु भयो "नोवेल कोरोना भाईरस (कोभिड-१९) ले विश्वब्यापी महामारीको रूपमा विश्वलाई नै आक्रान्त पारेको यस संक्रमणकालमा प्रहरी र जनतालाई सो संक्रमणबाट बचाउन यो अभियानको शुरूवात भएका भन्दै यस कठिन परिस्थितिमा राज्यका सम्पूर्ण निकाय साथ-साथै नागरिक समुदाय समेत कोरोना भाईरस बिरूद्ध लड्न एकजुट हुनुपर्ने भएकोले त्यसको निम्ति जिल्ला प्रहरी कार्यालय मोरङले युवासँगको सहकार्य गरेको छ ।"

युवा अभियान्ता पेरिस सुवेदीले मास्क स्यानिटाईजर निशुल्क बितरण गर्ने कार्यमा आफु निरन्तर रूपमा लागि रहेको तथा अव यस अभियानमा आफुलाई समेत समेटेकोमा जिल्ला प्रहरी कार्यालय मोरङप्रति आभार प्रकट गर्दै अभियानलाई सार्थक तुल्याउन संयुक्त रूपमा कार्यक्रम गर्ने प्रतिबद्धता समेत ब्यक्त गर्नु भएको थियो ।

वांकी अन्तिम पेजमा...

## क्वारेन्टाईनको लागि होस्टल दिने घोषणा

विराटनगर । विद्यार्थी जीवनदेखि मधेशी जनताको हक अधिकारको लागि लड्रिहने, मधेशको अवाज बुलन्द गर्ने र भिजिट मधेश प्रदेश नं. १ संयोजक तथा यूवा नेता, सामाजिक अभियन्ता राकेश रोशन यादवले आफुले संचालन गर्दै आएको होस्टेललाई कोरोना भाइरस संक्रमितहरुलाई राख्न (क्वरेनटाइन) बनाउनको लागि प्रदेश सरकारलाई हस्तान्तरण गर्ने घोषणा गरेको छ।

विश्वभरि नै कोरोना भाइरसको संक्रमणले संत्रास फैलिरहेको वेला नेपालमा सो रोग फैलिन न दिन र कथनकदाचित फैलियो भने त्यस्ता संक्रमितलाई राख्न अस्पतालले मात्र नभ्याउने भएकोले मानवीय भावनाले यादव होस्टेल हस्तान्तरण गर्ने भएको छ ।

उनले कोरोना सङक्रमित वा शंकास्पद व्यक्तिको उपचारका लागी आवश्यक भौतिक पूर्वाधार लाई पुर्ति गर्न १६ वटा कोठाभएको 'हाम्रो नेपाल होस्टेल' निस्शुल्क उपलब्ध गराउने बताए । उनले प्रदेश सरकारको कोरोना विरुद्धको लडाईमा आफ्नो दायित्व बोध गर्दै प्रदेशको बासिन्दा भएको नाताले भाईरसको सङक्रमण फैलिन

वांकी अन्तिम पेजमा...

## कोरोना सुरक्षा कोषमा आधा महिनाको तलब

विराटनगर । विश्व भरि संत्रास मचाई रहेको कोरोना भाइरसको नेपालमा प्रवेश भएमा त्यसको रोकथाम तथा नियन्त्रणका लागि प्रदेश नं. १ वाट प्रतिनिधित्व गर्ने नेपाली कांग्रेसका प्रदेश सदस्यहरुले आधा महिनाको तलब कोषमा जम्मा गर्ने भएको छ।

प्रदेश नं. १ सरकारले कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागि स्थापना गरिएको कोरोना जनसुरक्षा कोषमा आधा महिनाको पारिश्रमिक रकम सहयोग गर्ने कुरा नेपाली कांग्रेस प्रदेश १ को प्रमुख सचेतक केदार कार्कीले वताउनु भयो । प्रदेश नं. १ मा कुल ९३ जना प्रदेश सदस्य रहेकोमा त्यस मध्ये नेपाली कांग्रेसका २१ जना प्रदेश सदस्य रहेको छ ।

विश्वसहित नेपाल पनि कोरोना भाइरसको महामारीबाट जोगिनुपर्ने अवस्था रहेको वताउँदै मुलुक पुरै लकडाउन भएको अवस्थामा भोलिका दिनमा स्वास्थ्य तथा खाद्य सामाग्रीको अभाव हुनसक्ने कार्कीले बताए । नेता कार्कीले स्वास्थ्यकर्मी

वांकी अन्तिम पेजमा...

## प्रदेश प्रमुखद्धारा निर्देशन पालन गर्न आग्रह

विराटनगर । प्रदेश नं. १ का प्रदेश प्रमुख सोमनाथ अधिकारी( प्यासी) ले विश्व व्यापी महामारीको रुपमा फैलि रहेको जनसंहारकी नोभेल कोरोना भाइरस रोगको संक्रमण एव्म रोकथामका लागि नेपाल सरकार द्धारा दिएको निर्देशनलाई पालन गर्न देशवासीमा आग्रह गरेको छ ।

प्रदेश प्रमुखले विहीवार देशवासीका नाममा एक विज्ञप्ती प्रकाशीत गर्दै सो विज्ञपिमा भनिएको छ 'कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागिनेपाल सरकारद्वारा जारी गरिएका सूचना तथा सूरक्षाका लागि अपनाइएका उपायहरु, निर्देशनहरु एवम् आचारसंहिताहरुलाई पालनन गरी आफू बच्ने र अरुलाई बचाउने कार्यमा आम जनसमुदायलाई पूर्ण समर्थन तथा सहयोगका लागि हार्दिक अनुरोध गरिएको छ ।'

त्यसै गरी भनिएको छ हामी हरेक नागरिकले सामाजिक समदुरीलाई कायम गर्न सके संक्रमणको साइकललाई हामीले तोड्न सक्छौ, संक्रमणलाई रोक्न सके हामी सबैको जीवनको रक्षा हुन्छ, त्यसकारण हामीले अत्यन्तै धैर्य, संयमित तथा अनुशासनका साथ शाहासी भएर नोबेल कोरोना भाइरससंग लड्न सके हाम्रो जित सुनिश्चित छ सामान्य लापरबाही र गल्तीले हामी साह्रै जटिल समस्यामा फस्न सकिने भएकाले हामीले समय मै विशेष ध्यान आग्रह समेत गरिएको छ ।

त्यसैगरी कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारमा अहोरात्र खटिरहन' भएका चिकित्सकहरु, नर्सहरु, प्राविधिकहरु, सूरक्षाकर्मीहरु, सञ्चारकर्मीहरु, सम्पूर्ण तहका जनप्रतिनिधिहरु, निजामति कर्मचारीहरु तथा विभिन्न सामाजिक संघ, संस्थाहरु, उद्योग व्यवसायीहरुको उच्च आत्मबल

वांकी अन्तिम पेजमा...

### सूचना सूचना सूचना

कोरोना भाइरस(कोभिड-१९) को विश्वव्यापी संक्रमणवाट नेपाल समेत उच्च जोखिममा रहेको भनी विश्व स्वास्थ्य संगठनवाट प्रभाहित सूचनालायृ मधयनजर राखि मोरंग जिला भित्र यस भाइरसवाट हुन सक्ने संक्रमण र फैलावटलाई दृष्टिगत गरी जिल्लामा होली नखेल्न, भिडभाडमा नजान, उत्सव, मेला, सभा, सम्मेलन नगर्न तथा त्यस्ता पर्व, मेला, उत्सव तथा कार्यक्रममा नजान र उच्च सतर्कता अपनाउनको लागि सम्पूर्ण जिल्ला बासीहरूमा अनुरोध गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय मोरंग**
**प्रदेश नं. १ विराटनगर**

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277



All types of Fabrication, Furniture, Prefab, Truss are available.
Email Id: chattdev007@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## लकडाउ...

कोरोना भइरस १० डिसेम्बर २०१९ को त्यो मघ्य दिन, चीनको वुहान सहरको माछा ब्यापारी ५७ बर्षीय महिला मिकु जियान, ( रूघाखोकी र ज्वरोले गाँजेपछि अस्पताल पुगेका थिए । अस्पतालले मौसमी रूघाखोकी र ज्वरोको औषधी दिए तत्पश्चात उनी फेरि आफनै पसलमा फर्किएका थिए । दूरभाग्य १८ डिसेम्बर २०१९ को त्यो साँझ फेरि उनी बेहोस भएर पसलमै मृत्यु भएको पहिलो केस थियो ।

तर मिकु जियानलाई लागेको रोगको बारेमा केही पत्ता लगाउन सकिरहेको थिएनन् । बरू त्यतिञ्जेल थप ४० जनालाई उही प्रकारको लक्षण र समस्या देखा परिसकेका थियो ।

तत्पश्चात, वुहानले यो अज्ञात रोगको बिषयम डब्लु एच ओ लाई सुचना गराउँछ र ७ जनवरी २०२० मा डब्लु एच ओ ले यस अज्ञात नयाँ रोगको बिषयमा पत्ता लगाउँछ । उसैले यस रोगको नाम नोभल कोरोना भाइरस राखिएयो । अहिले यो कोरोना भाइरस तीन महिना भित्रै विश्व भर नै फैलि सकेको छ ।

## कोराइन्टाईनको...

नदिन क्वारेन्टाइन निर्माणका लागि होस्टेल हस्तान्तरण गर्ने घोषणा भएको छ ।

चीनको वुहानबाट डिसेन्वरमा देखिएको कोरोना भाइरस विश्व भरी नै फैलिसकेको छ। कोरोनाको सक्रमणवाट हजारौको मृत्यु समेत भईसकेको छ । नेपालको उत्तरी चीन र दक्षिण तिर रहेको भारतमा पनि संक्रमण फैलिसकेकोले नेपाल पनि उच्च जोखिमको सूचीमा रहेको हुँदा प्रदेश सरकारको पुर्वतयारीमा सघाउ पुऱ्याउन यादवको यस योगदानले महत्वपूर्ण भुमिका निर्वाह गर्ने विश्वास लिईएको छ ।

## प्रदेश...

बढाउदै सबैलाई होस्टेमा हैसे गरी संक्रमण विरुद्धको अभियानमा तन, मन, वचन र कर्मले जुटी आग्रह गर्नुका साथै जेष्ठ नागरिकहरु, बालबालिका तथा दीर्घ रोगको उपचार गराइ रहनु भएका र नियमित औषधी सेवन गर्नुहुने महानुभावहरुलाई उच्च संक्रमणको जोखिम रहने भएकाले वहांहरुलाई विशेष प्राथमिकताका साथ संक्रमणबाट बचाउन सावधानी अपनाउन अनुरोध समेत गरको छ ।

जीवन रक्षाका लागि अत्यावश्यक खाद्यपदार्थको सही र उचित व्यवस्थापनमा सरोकारवाला सबै पक्षले समयमै ध्यान पुऱ्याइ अत्यावश्यक काम बाहेक घर बाहिर आफू पनि ननिस्कने र अरुलाई पनि निस्कन नदिई नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले सुरक्षाका लागि अपनाएको उपायहरुमा सहयोग गरी विकराल अवस्था सृजना हुन नदिनका लागि अपनाइएको लकडाउन लाई पूर्ण सफल बनाई कोरोनाको महामारीवाट जोगिन कोरोना विरुद्धको लडाईमा एकवद्धता जनाई दिनुहुन देशवासीमा आग्रह गरेको छ ।

## कोरोना...

तथा सुरक्षाकर्मीको सुरक्षा प्रदान गर्नका लागि पार्टीका सांसदहरु एक भएको पनि जानकारी गराए ।

लकडाउनलाई सफल बनाउन माग गर्दै उनले प्रदेश एकका जनतालाई केही समय घर भित्रै रहन नेता कार्कीले आग्रह गरेको छ ।

आफू र आफ्नो परिवारसंगै सबै समाजको सुरक्षाको जिम्मेवारी प्रत्येक नागरिकको रहेको उनको भनाई छ । दलका सांसदहरुले एकमुष्ट रुपमा रकम जम्मा गर्नका लागि प्रदेश सभा सचिवालयलाई जानकारी गराएको छ।

## निशुल्क...

कार्यक्रममा सीमामा आवत जावत गर्ने ३ सय भन्दा बढि सर्वसाधारणलाई निशुल्क स्यानिटाईजर तथा मास्क बितरण समेत गरिएको थियो । कार्यक्रम स्थानिय जनप्रतिनिधि, प्रहरी कर्मचारी, अन्य सुरक्षा निकायका कर्मचारी, युवा अभियान्ताहरू, संचार कर्मी लगायतको उपस्थिति रहेको थियो। मा १३स०० बजे सम्पन्न भएको थियो ।

# नोबेल अस्पताललाई कोरोना उपचार केन्द्र बनाउन दिने घोषणा

बिराटनगर । बिराटनगर स्थित नोबेल शिक्षण अस्पतालका सञ्चालक डा.सुनिल शर्माले कोरोना भाइरस संक्रमित बिरामीको उपचारका लागि अस्पताललाई कोरोना उपचार केन्द्र बनाउन दिने घोषणा गरेको छ ।

विश्वलाई नै आतंकित बनाईरहेको कोरोना भाईरसको उपचारमा समस्या भईरहेका बेला नोबेल अस्पताललाई कोरोना बिशेष उपचार केन्द्रको रुपमा तीन महिनासम्म प्रयोग गर्न दिन भएको छ निजी तथा सरकारी अस्पतालले अहिले ज्वरो आएका बिरामीलाई समेत उपचार गर्न नमानेर समस्या भई रहको अवस्थामा डा.शर्माले अस्पताललाई नै कोरोना उपचार केन्द्र बनाउन दिने भएको छ ।

पूर्वी नेपालको सवैभन्दा ठूलो अस्पताल नोबेलमा ७१ वटा भेन्टिलेटरसहित ७ सय ६४ शैया रहेको छ । समाजसेवाका क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्दै आएका डा. शर्माको यो घोषणाले कोरोना संक्रमण रोकथाम र उपचारमा सहयोग पुग्ने भएको छ ।

डा.शर्माले अस्पताललाई कोरोना उपचार केन्द्र बनाउन तयार रहेको भन्दै कोरोना रोकथाम संयोजन समितिका संयोजक डा. भगवान कोइरालालाई बिहिबार पत्रसमेत पठाई सकेको छ। शैया थप गरी १ हजार शैयासम्म सञ्चालन गर्न सकिने अवस्था रहेको उल्लेख गर्दै कोरोना उपचार केन्द्र सञ्चालनका बिषयमा आवश्यक छलफलका लागि पत्रमार्फत आग्रह गरिएको छ ।

कोरोना रोकथाम संयोजन समिति संयोजक डा.कोइराला जस्ता जिम्मेवार व्यक्तिसहित राज्यनै लागिपरेकाले सवैको हातेमालोले मुलुकमा चाडै कोरोना संक्रमण रोकथाम हुने विश्वास लिएको छ ।

# प्रदेश प्रमुखले एक महिनाको तलब दिने घोषणा

विराटनगर। विश्वमा महामारीको रुप लिएको कोरोना भाइरसलाई रोकथाम तथा नियन्त्रणका लागि प्रदेश नं. १ का प्रमुख सोमनाथ अधिकारी ( प्यासी) ले एक महिनाको तलव दिने घोषणा गरेको छ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको नोबेल कोरोना भाइरस ( ऋइख्क्ष्म(ज्ञढ) रोगको संक्रमणलाई फैलिन नदिन तथा सो रोगको रोगथाम एवम् नियन्त्रणका लागि नेपाल सरकारद्वारा स्थापित “कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष”लाई प्रदेश प्रमुख सोमनाथ अधिकारी ‘प्यासी’ ले आफ्नो एक महिना बराबरको पारिश्रमिक प्रदान गर्ने भएको छ ।

सोही अवसरमा सरकारले कोरोना भाइरस सम्बन्धि गरेको रोकथाम, नियन्त्रण तथा उपचार उपाय र सर्तकताका लागि आम नेपाली जनताले कोरोना विरुद्ध होस्टेमा हैसे गरी एकजुट भइ लड्नु पर्ने अवस्था भएकाले आफू बाँचेर अरुलाई पनि बचाउँन भन्दै सवैलाई सगता र संयमता अपनाउन आह्वान समेत गरेको छ ।

# कोरोना भाइरसको सक्रमणले गाउँ प्रवेशमा रोक

विराटनगर। कोरोना भाइरसको संत्रासले प्रदेश नं. १ को राजधानी विराटनगरको उत्तरी सिमानामा रहको बुढिगंगा गाउँपालिका वडा नं. १ लालिगुरासँ टोलका युवाहरूले अपरिचित व्यक्तिलाई गाँउ प्रवेशमा रोक लगाएका छन् ।

बाटो छेकेर प्रवेश निशेध लेखेर बाटो छेकिएको छ । कोरोनाको त्रास वढेसँगै अपरिचित व्यक्ति प्रवेश गर्नाले झन खतरा हुने भएकाले यसो गरिएको स्थानियले वताए । संभावित जाखिमवाट बच्नका लागि लालीगुरासँ टोल प्रवेश गर्ने सबै ठाउँमा रोक लगाएको छ ।

कोरोना भाइरस (कोभिड-१९) ले विश्वलाई नै त्रसाइ रहेको वेला नेपालमा पनि ५ जनामा कोरोनाको संक्रमण पुष्टि भैसकेको छ ।

अहिले सम्म नेपालमा पांच जनालाई कोरोनाको संक्रमण देखिएको र एक जना उपचार पछि घर फर्किएका छन भने ३ जनाको टेकु अस्पतालको आईसोलेसनमा र खेर उपचार भैरहेको छ भने जना कर्णाली प्रादेशिक अस्पतालमा उपचार भई रहको छ । देशका विभिन्न ठाउँमा संकास्पद व्यक्तिहरूको नमुना परिक्षण हुनकासाथै विदेशवाट नेपाल आएकाहरुलाई क्वारोनटाइनमा बस्न लगाएको छ ।

# लकडाउ सफल बनाउन मेयरद्धारा भाटे कारवाही

उर्लावारी । कोरोना भाइरसको संक्रमण नेपालमा फैलिन नदिनका लागि सरकारले लकडाउन गर्दासमेत अटेरी गरी अनावश्यक हिंड्नेलाई भाटे कार्वाही सुरु गरिएको छ । उर्लाबारी नगरपालिकाका मेयर खड्ग फागो, इलाका प्रहरी कार्यालय उर्लाबारी, नगर प्रहरीसहितको टोलीले भाटे कार्वाही सुरु गरेको हो। पास लिएका र अत्यावश्यक काममा हिंड्न भने छुट दिएको छ।

अनावश्यक रुपमा हिँड्नेलाई भाटे कार्वाही गरिएको मेयर खड्ग फागोले आफै संचारकमीहरुलाई जानकारी गराएका थिए । कोरोना भाइरसको संक्रमण भित्रिन नदिन उर्लाबारी नगर पालिका सक्रियपूर्वक लागि परेको उल्लेख गर्दै अनावश्यक रुपमा नहिँड्न पटक पटक अनुरोध गर्दासमेत अटेर गर्नेलाई भोटे कार्वाही गरिएको मेयर को भनाई थियो ।

लकडाउनको समयमा घर बाहिर ननिस्किन उर्लाबारीबासीलाई अनुरोध गरिएको छ। प्रहरीले दुई दर्जन बढी मोटरसाइकलको चाबी नियन्त्रणमा लिई अनावश्यक हिंड्नेलाई समेत नियन्त्रण लिई सम्झाई बुझाई पछि छाडिएको प्रहरीले जनाएको थियो ।

# कोरोना भाइरस निर्मलीकरण अभियान शुरु

विराटनगर। विश्व व्यापी रुपमा फैलि रहको कोरोना भाइरसको संक्रमणवाट बच्नका लागि विराटनगर महानगरपालिकाले निर्मलिकरण अभियान संचालन गरको छ।

विधीवत रुपमा कोशी अस्पताल बिराटनगर बाट निर्मलीकरण अभियान शुरु गरी महानगर पालिका नगरक्षेत्रमा कोरोना भाइरसको सक्रमण नियन्त्रणका लागि डिस इन्फेक्सन अर्थात निर्मलीकरण अभियानको शुरुवात गरिसकेको छ ।

विराटनगर महानगर पालिकाले आफ्नै ल्यावमा आफ्नै जनशक्ति प्रयोग गरी किटनाशक ओषधी उत्पादन गरी सोहीवाट निर्मलीकरण अभियान शुरु गरेको छ । सो औषधी सोडिएम हाइपो क्लोराइड लगायत विभिन्न रसायन बाट बनाइएको स्प्रे पहिलो चरणमा नगर क्षेत्रको कोशि अस्पताल वाट शुरुवात गरिएको छ

नगरवासीलाई कोरोना सक्रमणवाट जोगाउन यो कार्यक्रम फलदायी हुने बिराटनगर महानगर पालिकाका प्रमुख भीम पराजुलीले बताए ।

# विराटनगर महानगर पालिकाको सूचना

१. घर, पसल, व्यवसायिक प्रतिष्ठान, शिक्षण संस्था आदिबाट दैनिक निस्कने फोहोर विहान ८ बजे भित्र न.पा.को साझेदार संस्था (फोहोर व्यवस्थापन गर्ने संस्था) को साधनमा मात्र हाल्नूहोला ।
२. घरदैलोबाट दैनिक निस्कने फोहोर कागज, प्लाष्टिक, शिसा, फलफुल तथा तरकारीको वोक्रा आदि घरमा छुट्याई व्यवस्थापन गरौं ।
३. घरबाट निस्कने जैविक (कूहिने) फोहोरलाई घरमा नै कम्पोष्ट मल बनाऔं ।
४. आफ्नो घर कम्पाउण्ड भित्र र बाहिरबाट निस्कने झारपात, जंगल, दूबो आदि बाटोमा नफालौं । घर कम्पाउण्डमा नै खाल्डो खनी मल बनाऔ ।
५. फ्रेशहाउस तथा माछा मासू पसल, फलफूल तथा तरकारी लगायत अन्य पसल आदिले गरेको फोहोर व्यवस्थापन आफै गरौ । अन्यथा रु. ५००।- देखि १५०००।- पन्द्र हजार सम्म जरिवाना गरिने छ ।
६. नगरपालिकाको साझेदार संस्था बेष्ट मेनेजमेन्ट ग्रूप नेपाल प्रा.ली. ले घरदैलो कार्यक्रम संचालन गरिरहेको हूँदा साधारण घरले मासिक रु.२००।- (हप्ताको २ पटक संकलन हूने) र रु. ५००।- ( हप्ताको ७ पटक संकलन हूने गरी ) शूल्क तिरेर सदस्यता वनी फोहोरमैला व्यवस्थापन गरौं ।
७. स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोर व्यवस्थापन गर्ने दायित्व स्वम् स्वास्थ्य संस्था को नै हूने छ । अन्यथा फोहोरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम रु. ५०००।- देखि १०००००।- एक लाख सम्म जरिवाना दण्ड जरिवाना गरिने छ ।
८. घरपालूवा चौपाया सूगूर, गाइ, गोरु, रागा, भैंसी ,खसी, बाख्रा लाई छाडा छोडेमा जरिवाना गरिने छ । पक्रिएको १० दिन सम्म लिन नआएमा लिलाम बिक्री गरिने छ ।
९. निर्माण सामाग्री सडकमा नराखौं, २४ घण्टा भित्र आफ्नो कम्पाउण्डमा राखौं ।
१०. नालामा घरको शौचालयको पाइप जडान गर्नू जघन्य अपराध हो, यदि जडान गरेको भए तूरन्त बन्द गरौं अन्यथा न.पा. ले जारी गरेको फोहोरमैला निष्काशन, संकलन तथा अन्तिम विसर्जन सम्बन्धी निर्देशिका २०६८ बमोजिम ५०००।- देखि १०००००।- एक लाख सम्म दण्ड जरिवाना गरिने छ ।
११. घर कम्पाउण्ड भित्र कम्तिमा ३ वटा विरुवा रोपी हूर्काऔं । जमिन नभए ७ वटा गमलामा फुल रोपी सहरको सौन्दर्यता बढाऔ ।
१२. सके सफा गरौ नसके फोहोर नगरौ ।
१३. निम्न समस्या भए सम्बन्धित ब्यक्तिलाई खवर गरी सहयोग गरौं ।
   १. घरदैलो फोहोर संकलन :- जेवर लाल मण्डल सम्पर्क नं. ९८०२७५४९१८
   २. घर दैलो सेवा शूल्क संकलन :- रमण गौतम सम्पर्क नं. ९८०१३०३६४५
   ३. नाला कलभर्ट सफाई मृत जीवजन्तू, बेवारीसे सव ब्यवस्थापन : सिकन्दर मरिक सम्पर्क नं. ९८०१३०३६५८

प्लाष्टिकको झोला प्रयोग नगरौं, जथाभावी फोहर नफालौं, सकेसम्म कम फोहर उत्पादन गरौं

**अन्य समस्या भएमा**

साझेदार संस्था
वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल र जे.भी
सम्पर्क नं. ९८१३२०७७८८

विराटनगर महानगर पालिका
सम्पर्क नं. ०२१-४६३१००, ०२१-५२३३०




परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

# लकडाउन उलघंन नगरौं

विश्व व्यापी रुपमा फैलि रहको कोरोना भाइरस वाट हाम्रो छिमेकी मुलुक चीन र भारतमा फैलि सकेकोले नेपाल उच्च जोखिममा रहेको सर्वविदितैछ। कोरोना भाईरवाट जोगिन एक मात्र उपाय हो सामाजिक दुरी राख्नु पर्ने समाजिक दुरी कायम गर्न एकमात्र अचुक उपाय हो लकडाउन त्यसले अलिक जीवनमा असहज परिस्थिति आउन सक्छ तर ठूलो दुर्घटनावाट बच्न सक्छो । त्यसैले लकडाउनलाई सव नेपाली जनताले पानल गर्न आवश्यक छ। तर सरकारले गरेको लकडाउनको वेला जथाभावी घुम्न निक्लेका सयौ सवारी साधनहरु पक्राउ गर्ने गरेका छन् सम्झाई बुझाई गरेर छाड्ने काम गरि रहेको छ । लकडाउ सर कारको लागि नभएर हाम्रो जीवन रक्षको लागि भएको किन बुझी रहेको छैन । यदि कोरोनाको महामारीवाट बच्नु छ भने नेपाल सरकारले नेपाली जनताको लागि खाद्यानको व्यवास्था गरी छिमेकी मुलुकहरुमा कोरोना नियन्त्रण नआए सम्म नेपालमा लकडाउन अवधी वढाउनु पर्छ।

त्यसैगरी नेपाल सरकारले लकडाउनमा कडाइ गर्नुका साथै कोरोना भाईरसको उपचारका लागि खटिएको स्वास्थ्यकमीहरुको लागि गुणस्तरीय पीपीइ, गाउन, बुट, केप, ग्लोभस, सेनिटाइजर, मास्क थर्मामिटर गण, लगायतका समाग्रीहरु उपलब्भ गराउनपर्ने देखिन्छ। कोरोना भाइरसको परिक्षण अहिले काठमाण्डौमा मात्र हुने देखिएकोले यसलाई सातवटै प्रदेशमा ल्यावको व्यवस्था तत्काल मिलाउंनु पर्दछ । जसले गर्दा दैनिका कोरोना जांचको संख्या वढाउदै केही दिनमा नै सम्पर्ण नेपाली जनतालाई स्थानीय तह मार्फत कोरोना जांचको व्यवस्था मिलाउनु पर्दछ। भारतसंगको खुला सिमानाहरुमा एक किलो मिटर दुरीमा एउटा हेल्थ डेक्स स्थापना गरी भार तवाट आउने प्रत्येक नेपालीलाई स्वास्थय परिक्षण गरी मात्र प्रवेश गर्न दिने जस्ता उपायहरु अपनउनुका साथै सर्वसधारण जनतालाई वाहिर निस्कनु पर्ने भएमा त्यसको व्यवस्था मिलाउनु का साथै लकडाउनको अवस्थामा आर्थिक संकट आउन नदिन सजग हुनु पर्छ अन्यथा खाद्यनकै लागि देशमा फेरी पनि चोरी डकैती वढ्न सक्छ।

कोरोना भाइरसलाई पराजीत गर्न आम नेपाली जनतालाई लड्न सक्नु पर्छ त्यसको लागि सरकारले नेपाली जनताको लागि आवश्यक वस्तुहरु उपलब्भ गराउनु पर्दछ । सरकारले लकडाउन गरेको वेलामा व्यपारीले पनि कमाउको धन्धा वनाएको छ । संकटको वेला चाहिने सामग्रीहरुमा भईरहेको कालोवजारीलाई समेत ध्यान दिन आवश्यक छ। लकडाउनको वेला सर्वसधारण नेपाली जनताले बढी भाउ दिएर समानहरु किनी रहेको अवस्था छ। तर पैसा नहुनेहरु भोक भोकै बस्न वाध्य भई रहेको छ। त्यसैले नेपाल सरकारले श्रमिकहरुले जम्मा गरेको समाजिक सुरक्षाकोषमा रहेको रकमलाई सदउपयोग गरी राहतको प्याकेज ल्याउन आवश्यक छ। समाजिक सुरक्षामा जम्मागरेको श्रमिकको पैसा सोही श्रमिकलाई राहतको रुपमा फिता दिनु आवश्यक छ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**भाग्यले राम्रो साथ दिनाले आँटेको काममा सफलता प्राप्त हुने देखिन्छ। सामाजिक काममा मान सम्मान समेत मिल्ने योग छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)** :आफन्त जनहरुसंग सुखद भेटघाट हुने । योग रहेको छ। परिवारमा राम्रो वतावरणको माहोल आउनुका साथै सन्तान सुख मिल्ने छ।

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** :बोलीको योग लाग्ने रहेकाले होस पुऱ्याएर बोल्नुहोला । सामान्य वादविवाद एवं शत्रु वाधा देखिए तापनि जित तपाईकै हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : पारिवारिक सुख शान्ति प्राप्त हुनुका साथै भ्रमणको अवसर प्राप्त हुने प्रवल संम्भावना भएकोले विचार पुऱ्याई यात्रा गर्नु होला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : बालीको प्रभावले महत्वपूर्ण काममा समेत सफलता प्राप्तम हुने छ। स्वास्थ्यमा भने सामान्य अस्वस्थता आई पर्ने देखिन्छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** :बौद्धिक तथा धार्मिक कार्यक्रमहरुमा सहभागिता जनाउनु पर्ने छ। अध्ययन अध्यापनको क्षेत्रमा राम्रो अभिरुभि उत्पन्न हुने छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)**:काममा प्रशस्त समस्या आइपर तापनि धैर्यको वाँध नटुट्नाले सफलता तपापईको हातमा हुनेछ । स्त्रीवर्ग बाट सहयोग मिल्ने छ

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू)**:आर्थिक हानिनोक्सानी एवं खर्च बृद्धि हुने छ। शाररिक रुपमा सामान्य अस्वसाथता एवं मानसिक चिन्ताको समेत योग रहेको छ।


**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)**: खानपिनका परिकार प्राप्त होलान् । इष्टमित्रहरुसँग भेटघाट हुनेर नयाँ कामको लागि पहल गर्ने समय छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)**: परिवारको चिन्ताले सताउनुका साथै सानो तिनो वादविवाद समेत आई पर्ने छ। मनोरञ्न एवम विलासितामा अध्याधिक खर्च हुने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द)**: स्वास्थ्यमा सामान्य समस्या आई पर्न सक्छ। विचार पुऱ्याउनुहोला। खर्च बढ्ने तथा आन्दानीका स्रोतहरु मिल्नुका साथै सुख प्राप्तीको योग छ।

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)**::वादविवादमा विजय मिल्ने छ । भने शत्रुहरु परास्त हुनेछन। भ्रमण एवम साथीहरुवाट मन पर्ने उपहार समेत प्राप्त होला।

# कोरोनाको आर्थिक असर र सरकारलाई सुझाव



विशाल चालिसे

नेपालमा कोभिड १९ (कोरोना भाइरस) को असर जनस्वास्थ्यमा भन्दा पहिला नै अर्थतन्त्रमा परि सकेको छ।

नेपालमा कोरोनाले महामारीकै रूप नलिइसकेको भए पनि सम्भाव्य महामारीलाई रोक्न लिइएको र ोकथामका उपायहरूले गर्दा आगामी दिनमा अर्थतन्त्रमा पर्ने दबाब अझ बढेर जाने निश्चित छ।

कोरोना महामारी सन्दर्भमा प्राथमिक चासो जनस्वास्थ्यको नै हो र स्वास्थ्यमा हुने सम्भावित असरलाई न्यूनीकरण गर्नमा सर कारको ध्यान केन्द्रित हुनु जरुरी पनि छ। तर, सँगसँगै यसले गरेर जनजीविकाको आर्थिक पक्षमा पर ेको असर क्रमश : गहिरिँदै जाने हुँदा अर्थतन्त्रलाई पर्ने असर बुझ्न र क्षति कम गर्न तयारी गर्ने बेला पनि यही हो।

वृहत् अर्थतन्त्रका अवयवदेखि साधारण मानिसको दैनिकीमा यसको नकारात्मक प्रभाव पर्ने हुनाले त्यही अनुरूप कदम चाल्नु वाञ्छनीय हुन्छ।

कोरोनासम्बन्धी राष्ट्रिय र अन्तरा्ष्ट्रिय घटनाक्रम अझै दिनानुदिन विकसित भइरहेकोले यस्तो प्रभाव कति खराब हुन्छ भनेर सङ्ख्यामा ठोकुवा गर्न कठिन भएपनि गत तीन वर्षदेखि नेपालले हाँसिल गरेको उच्च आर्थिक बृद्धि यो वर्ष नहुने निश्चित छ। यसको कारण भनेको कारोबारमा आएको रोकावट हो। आर्थिक बृद्धि भनेको देशभित्र भएको कुल कारोबार हरूको मौद्रिक मान हो।

बन्दाबन्दीको कारणले कारोबार रोकिनेबित्तिकै बृद्धि कम हुनु स्वाभाविक नै हो। अन्तराष्ट्रिय मुद्रा कोषले पनि विश्वव्यापी आर्थिक बृद्धि यो वर्ष नकारात्मक हुने अनुमान गरेको छ। त्यसको असर रोजगार ीको वा लगानीको कमीको रूपमा नेपालमा पर्नु स्वाभाविक हो। त्यसैले चालु वर्षको आर्थिक वृद्धि ४.५/५ प्रतिशतको हाराहारी रहेमा राम्रो नतिजा मान्नु पर्दछ।

यसबाहेक कोरोनाको असर अर्थतन्त्रको विभिन्न तहमा फरक-फरक प्रकृतिको हुन्छ। त्यसैले कोर ोनाको वास्तविक असर बुझ्न अर्थतन्त्रका विभिन्न क्षेत्र, व्यापार-व्यवसाय तथा घर-परिवारको तहमा हुन सक्ने प्रभावको छुट्टाछुट्टै आँकलन गरी सोही अनुसारको नीतिगत व्यवस्था गर्न जरुरी हुन्छ।

हामीलाई विप्रेषणमा आधारित अर्थतन्त्रको विकल्प चाहिएको छ। यसरी हुने आर्थिक झट्का लामो समयसम्म रह्यो भने हाम्रो जस्तो अर्थतन्त्रले धान्दैन। त्यसैले हाम्रो अर्थतन्त्रको आधारभूत संरचनामा परिवर्तन गर्नुपर्छ।

हाम्रो अर्थतन्त्रको आधारभूत प्रारूपले गर्दा आपूर्ति पक्ष भन्दा पनि समष्टिगत मागबाट धेरै असर हुने देखिन्छ। हामी विश्व उत्पादन श्रृंखलाको पुछारमा रहेका छौं। अर्थात् हामीले मूलत: विश्व अर्थतन्त्रबाट वस्तु आयात गरेर उपभोग गर्ने प्रक्रियाले अर्थतन्त्रलाई चलायमान बनाएको छ। उपभोगलाई धान्नको लागि आवश्यक आम्दानीको प्रमुख स्रोत वैदेशिक र ोजगारीमा गएर पठाएको विप्रेषण रकम हो।

आन्तरिक रोजगार बापतको आम्दानीले पनि उपभोगलाई सहयोग गरिरहेका छन्। तर अर्थतन्त्रभित्रै उत्पादन न्यून भएका कारणले घरेलु बजारमा रोजगारी कमी भएकोले त्यसको हिस्सा तुलनात्मक रूपले कम छ।

विप्रेषण र आन्तरिक आयले परि वारको क्रय शक्ति बढाउँछ जसले नेपाली अर्थतन्त्रको विभिन्न क्षेत्रहरू विशेष गरी सेवा क्षेत्रलाई चलायमान बनाइराखेका छन्। त्यसैगरी उपभोगको लागि गरिएको आयातले सरकारको पनि राजस्व संकलन तथा खर्च क्षमता बढाउँछ। यही चक्रनै हाम्रो अर्थतन्त्रको विगत दुई दशकदेखिको सञ्चालक हो।

विद्यमान कोरोना सन्त्रासले यो चक्र खलबलिएको छ। कोरोना फैलिनुअघि नै राष्ट्र बैंकको तथ्याङ्कले माघ महिनासम्ममा विप्रेषण ०.५ प्रतिशतले घटेको देखाएको थियो भने अबका महिनामा उक्त रकम झन् घट्ने देखिन्छ।

हुन त नेपालीहरू रोजगारीको लागि जाने देशहरूमा कोरोनाले महामारीको रूप नलिई सकेको अवस्था छ र मानिसहरूले व्यापक रूपमा रोजगार गुमाएको खबर छैन। तर रकम पठाउने दर कम हुन गई उपभोग घट्ने छ। विप्रेषणमात्र नभई आन्तरिक आय घट्ने वा आय हुने हरुले पनि आधारभूतबाहेकका उपभोगलाई पछाडि सार्ने भएकोले यस्ता समग्र मागमा कमी आउन सक्छ।

क्षेत्रगत असर

कोरोना महामारी रोक्ने पहिलो शर्त भनेको ठूलो स्तरमा सामाजिक दुरी कायम गर्न मानिसहरूको आवत-जावतमा कमी ल्याउनु हो। मानिसहरूको अन्तरक्रिया, आर्थिक क्रियाकलाप र कारोबारको आवश्यक शर्त भएकोले समग्र क्षेत्रमा असर पर्ने नै भयो। त्यसमा पनि यस्तो व्यक्ति व्यक्तिबीचको अन्तर क्रिया सेवा क्षेत्रमा अझ बढी चाहिने भएकोले यो क्षेत्र कृषि वा उत्पादनको क्षेत्रभन्दा बढी नै प्रभावित हुन्छ।

तर साँच्चिकै असर परेको क्षेत्र पहिचान गर्ने आधार भनेको कुनै पनि क्षेत्र विशेषलाई पहिलाकै अवस्थामा फर्किन कति समय लाग्छ र यो संकटको बेलामा आफ्नो दायित्व निर्वाह गर्नमा कतिको सक्षम हुन्छन् भन्ने हुन्।

जस्तो आधारभूत वस्तु तथा सेवाको व्यापारमा व्यवसायिक प्रतिष्ठानहरूलाई खासै असर परेको छैन। सेवा प्रवाह गर्न केही असहज भए पनि व्यापारको स्तर निरन्तर नै छन्। खाद्यान्न वा औषधिको कुरा गर्ने हो भने मानिसहरूले नियमित भन्दा बढी संचय गरेर राख्ने भएकोले अल्पकालमा यसको व्यापार झन् बढेको छ। दूध वा खानेपानीको व्यापार पनि लगभग चलि नै रहेको छ। यसैगरी विद्युत् संचार आदी पनि पहिला जस्तै चलिरहेका छन्।

हाम्रोमा निर्वाहमुखी खेतीको अभ्यास भएकोले कृषिमा अपर्झट रुपमा प्रभाव कम पर्छ तर यदि कोरोनाको कारणले गरिएको बन्दाबन्दी लम्बियो र मल, बीऊ लगायतका सामाग्रीहरूको आपूर्ति समयमै हुन नसकेमा कृषक र क्षेत्रलाई कठिन हुन सक्छ। यसबाहेक उत्पादनका क्षेत्र पनि महामारीको अन्त्यपछि चाँडै पुरानो स्तरमा फर्कने सम्भावना छ।

यसरी मूल्याङ्कन गर्दा सबैभन्दा बढी असर आन्तरिक तथा बाह्य पर्यटकहरूलाई सेवा दिने क्षेत्रहरू होटल पदयात्रा पर्वतारोहण केही हदसम्म रेस्तोराँ र हवाई यात्रा पनि पर्छन्। यो क्षेत्र सञ्चालन हुनको लागि मानिसहरुको आवागमन आधारभूत शर्त हो।

चीन, भारत, अमेरिका, युरोप चार ै तिर संक्रमण सँगै यात्रामा लगाएको रोकले बाह्य पर्यटक आगमनलाई ठप्प पारेको छ। संक्रमण सकिएपछि पनि आन्तरिक वा बाह्य पर्टकहरुले घुमघामको योजना पछाडि सार्ने भएकोले कोरोनाको असर महामारी सकिएको १ र २ वर्षसम्म लम्बिने देखिन्छ। त्यसैले पर्यटन क्षेत्र सबैभन्दा पहिला प्रभाव भएको हो जुन पछिसम्म रहिरहन्छ।

पर्यटनबाहेक सेवाका अन्य क्षेत्रमा पनि असर पर्ने नै छ। जस्तो सर कारले मानिसको आवागमनमा रोक लगाउने निर्णयसँगै यातायात क्षेत्रको कारोबारमा कमी आइरहेको छ। त्यसैगरी कामदार र निर्माण सामग्रीको ओसार प्रसार रोकिएसँगै निर्माण क्षेत्र ठप्प छ। तर महामारीको अन्त्यसँगै यी क्षेत्रमा तीब्र रिकभरि देखिन्छ।

व्यवसायको तहमा हेर्दा होटेल वा रेष्टुरेन्ट जस्ता व्यापारिक प्रतिष्ठानको आम्दानीमा कमी हुन गई उनीहरूको बैंकको ऋण तिर्ने वा घर भाडालगायतका दायित्व पूरा गर्ने क्षमतामा प्रत्यक्ष असर पर्दछ। त्यसैगरी त्यस्तो संस्थाको रोजगार ीलाई सञ्चालन गरि राख्ने क्षमतामा पनि ह्रास आइसकेको छ। धेरैले अहिले नै कर्मचारीलाई छुट्टि दिइसकेका छन्। केही पत्रिका छपाई र बिक्री वितरण रोक्ने घोषणा गरेका छन्।

यस्तो असर पर्नेमा साना तथा मझौला उद्योगहरु धेरै हुन्छन्। उनीहरूको यस्तो बाह्य झट्का झेल्न सक्ने क्षमता निकै कमजोर हुन्छ। महामारीलाई रोक्न सरकार बाट अझ कडा कदम चाल्नु परेमा ती व्यवसाय अर्थतन्त्रको पुन : सञ्चालनपश्चात पनि व्यवसाय बन्द

वांकी पेज ५ मा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

### अस्पताल

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## पहिचान, उत्थान आर विकासके लेल मगही भाषा पृष्ठ

# पिछड़ावर्ग मे विहा संस्कार आर विधी

**श्याम सुन्दर सीतहार**



विहा संस्कार आर विधी

हिन्दु धर्मके अनुसार परिवार निर्माण करैके जिम्मेवारी उठावैके योग्य शारीरिक, मानसिक रुपसे परि पक्क भेलपर लड्का-लड्कीके विहा करायल जाय है । युग निर्माणके लेल विहा संकारके पारिकवारिक आर सामूहिक प्रयोग सफल आर उपयोगी सिद्ध भेल है। विहा खास कैरके दुई आत्माके मिलन आर पवित्र वन्धन सेहो है । विहा दुई प्राणी के अलग-अलग स्तित्व के समाप्त कैरके एक सम्मिलित इकाईके निमार्ण करै है । महिला आर पुरुष दोनोमे इश्वर अलग-अलग विषेशता देल है आर दोनोके विषेशतामे अपुर्णता देखल जाय है। उ अपुर्णता विहाके वाद एक दोसर के अपूर्णताके समाप्ति करैके माध्यम सेहो है। विहासे व्यक्तित्वके निर्माण करल जाय है। विहासे पहिले अपन रिती-रिवाजके अनुसार लडका-लड्की चुनैक पुर्ण स्वतन्त्रता है । लड्का आर लड्की के परिवारके लोग सव एक-दोसर परिवारके रहन-सहन पारिवारिक स्थिति लड्का-लड्कीके स्थीति, उमेर, अध्ययन-अध्यापन सेहो खोज करल जाय है। मनमे कोई सन्देह देखल जाय है ते पहिले सन्देहके दुर करल जाय है। तेकर वाद विहा करल जाय है जेकरासे वादमे एक-दोसर परिवारके आर लड्का-लडकीके देखाके दोसारोपन करैके कोनो गुन्जाइस नै रहैके चाहि। एते करैके वाद दुई परिवार आर दुई आत्माके मिलन करावैके लेल विभिन्न विधीके आयोजना कैरके विहा संस्कार करल जाय है।

विहा संकार पुरा करैके लेल सवसे पहिले योग्य लड्की के लेल योग्य लड्का खोजल जाय है आर लड्काले लेल लड्की खोजैके काम होय है । पहिलका प्रथाके अनुसार लड्का आर लड्की खोजैके क्रममे वाहरे वहार, नाता गोतासे पुछके पत्ता लगवै है ओकरवाद लड्का-लड्कीके परिवारमे वात चलाके विहाके लेल दोनो परिवार मंजुर भेलाके वाद एक दोसर परिवारमे खानपीन चलै है । लेकिन एखैनका आधुनिक युगमे सम्वन्ध नहियो भलाके वाद खानपिन होय है । पहिलका समयमे स्वजातिसे ही विहा होवैके प्रचलन रहल रहै। एक जात दोसर जाइतके लड्का लड्की से विहा कैलाके वाद समाजिक सजायके भागी दार सेहो बनैत रहै । लेकिन ऐखनके समाजमे अन्तरजातिय विहाके शुरुवात भ गेल है। लड्का आर लड्की विहाके लेल दोना परिवारके तयार करैवाला व्यक्तिके फरक-फरक नाम से पुकारल जाय हे जयसन कि वकिल, घटकैती, अगुवा, घरदेखिया यी सव विहाके लेल दोनो परिवारके मंजुर करावै है । हिन्दू शास्त्रके अनुसार विहा हिन्दु शास्त्रमे विहा आठ किसिमके होय है। ब्रहम विहा, दैव विहा, आदर्श विहा, प्रजापत्य विहा, गंधर्व विहा, असुर विहा, राक्षस विहा आर पैचाश्य विहा एकरो वाहेक नेपाल मे रहेवाला पिछड़ा वर्गके लोग सवमे मागी विहा करैके प्रचलन है ।

वकिल/घटकैती/घरदेखिया/अगुवा : लड्का-लड्कीके विहा करैके लेल तयार करै वला व्यक्ति सवके नाम है वकिल /कटकेती/ घरदेखिया/अगुवा कहल जाय है। इ व्यक्ति सव लड्का वाला पक्ष आर लड्की वाला पक्ष से दोनो के विहा करावैके वात चलावै है। दोनो परिवारके रिस्तेदारीमे परिवर्तन करैके लेल काज करैवाला व्यक्तिके लमी सहो कहल जाय है। लड्का आर लड्कीके रिस्ता मिलाके विहा करैलासे पुन्य मिलै है, कहिके विना कुनो अपेक्षाके दोनो परिवारके मिलावैके लेल एक दोसरके घरमे देखा सनुके लेल आवैवाल मैजवान सवके घर देखिया कहल जाय है ।

विहाके विधी

१. देखा-सुनी : लडका आर लड्की पक्षके घरपरिवारके देखैवला कामके देखा-सुनी कह जाय है। इ काम दोनो पक्षक चिनजानके व्यक्ति करै है जेकरा सामाजिक भाषामे वकिले सेहो कहल जाय है। देखा सुनीके अवसरमे लड्का-लड्की पक्षके गोसाई, देवता, पुजा-पाठके नियम आर आर्थिक, सामाजिक, राजनीतिक स्थीतिके वारेमा सुझ-बुझ करल जाय है। पहिलका समयमे लड्का के लड्कीके परिवार जन के पुरुष सदस्य सव आ लड्कीयो के लड्का पक्षके परिवार जनके पुरुष सदस्य देखैके चलन रहै । एखैनका समयमे लड्का-लड्कीके परिवार जनके महिला सदस्य तथा लड्का लड्की कोना धार्मिक स्थानमे परिवार जनके साथ भेटघाट कैरके दोनो परिवार राजी खुशी भ गेलके वाद विहाके वाद अगा वढ है । वहे समयमे लड्का-लड्की पक्षमे हुवैवाला लेनदेन सेहो निश्चित करल जाय है आर छेकाके समय सेहो तोकल जाय है। तेकरवाद लड्का-लड्कीके छेकैवाला काम से हो अगा वढावल जाय हैं।

२. छेक्का : लड्का-लड्कीके छेक्का के लेल बनावल समयमे पहिले लड्के छेकैके लेल लड्की पक्ष लड्काके लेल अपन क्षमताके अनुसार नयां बस्त्र, फलफूल, मिठाई, पान, सुपाडी, दुवो पान, हल्दी अपन परम्परा रिती रिवाजके अनुसार समान सव लके ५/१० करकुटुम्वके लोग सव लड्काके घर जाक विधी वधान अनुसार लड्की पक्षके भव्य स्वागत कैरके लड्काके छेकल जाय है । लड्का छेकैके समयमे समानके साथे कुछ पैसा सेहो देल जाय है । ओकर वाद लड्की पक्षकै खानपीन कराके विदा करल जाय है। लड्कीयो के वहीना तरीकासे छेकल जाय है । छेकाके समयमे महिला सव शुभ सायतके गीत गायवके मेजवान सवके सुनावै है। जेकरासे समाजमे निश्चित भ जाय है की दोनो परिवार रिश्तेदारीमे मे बदल जाय है जेकर कारण दोसर के घर से रिस्ता के लेल लड्का-लड्कीके घर नै जाय है।

२. तिलक : तिलक अर्थात लड्का-लड्कीके विहाके दिन पक्का हुवैके दिन मानल जाय है। लड्काके तिलक के दिन लड्की पक्षके नाता, कुटुम्व, दोस्दार, लगायतके लोग सव के लके लडकाके लेल नयां बस्त्र, मिटाई, पान, सुपाडी, हल्दी लगायतके सरसमान लक लड्का पक्षके घर वहुच है । लड्का पक्ष लड्की पक्षके भव्य स्वागत कैरके लड्काके पुर्व मुहसे वैठाके लड्की पक्षके लोक सव पश्चिम मुहसे वैठके समय लड्का पक्षके समाजके लोग सव सेहो तिलकमे सामिल होय है । वहे समय लड्काके विधी विधानके साथ पण्डितके मन्त्रो उचारणके साथ दान दक्षिण दकके लडकाके तिलक करल जाय है । तिलक के अवसरमे सहभागी लोग सव सेहो लड्काके दक्षिण स्वरुप नगद मुद्रा, लत्ता कपडा दक तिलक समानपन करल जाय है। वांकी अर्को अंकमा....

## मगही भाषा के कविता

### भ्रष्टाचार

सरकारी जागिर होइतोमे

करी रोजे मौज ।

तनखुवा अपन खाइतोमे

खोजैछी नयाँ-नयाँ भोज-२

१० बजेके सट्टा हम ११ बजे जाइ

को हमरा कुछो पुछै त कही ।

कि घुसविना नैछै कमानई,

भाइ-भाइमे खुव करु लडाई-२

अपना संग अपने मरु

अडा खाना आइब क,

विना पैसाके कि करु ।

अफिसमे आइव जनता,

गाइर पैइर दैय रोजे उपहार ।

टेबुलके निचा दने ,

बरहल अैछ भ्रष्टाचार-२

**फुलगेन महतो**


## हार्दिक अनुरोध

जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो । जन्म, विवाह, बसाई सराई, सम्वन्ध विच्छेद, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँपालिकाका कार्यालयमा गई दर्ता गराउनु पर्छ ।

**कसरी गर्ने ?**

गाउंपालिकामा निशुल्क पाईने फारम भरी घटना घटेको मितिले ३५ दिन भित्र घटना दर्ता गराउनु पदंछ ।

**व्यक्तिगत घटना दर्ता कसले गराउने**

- जन्म तथा मृत्युको घटना दर्ता परिवारका मुख्य व्यक्तिले ।
- विवाह दर्ता, पति-पत्नी दुवैले ।
- सम्बन्ध विच्छेद, पति वा पत्नीले ।
- बसाई सराई, परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सराई गरी जाने व्यक्तिले ।

**धनपालथान गाउँपालिकाको कार्यालय मोरंग**



## खुल्यो ! खुल्यो !! खुल्यो !!!

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौ ।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# सज्जाको लागि जनप्रतिनिधीहरू भोट माग्दै

पथरी । एपीवान टेलिभिजनबाट प्रसारण हुँदै आएको नेपाल आइडल सिजन तीनमा मोरङकी सज्जा चौलागाई टप ४ मा पर्न सफल भएकी छन्।

मोरङ्ग पथरी-शनिश्चरे नगर पालिका वडा नं. २ की सज्जा चौलागाई आफ्नो दरिलो र मिठासपुर्ण आवाजका कारण सबै दर्शकको मन जित्न सफल भएकी छिन । उनको कला र गलाको जादुले दर्शक मात्र हैन निर्णनायमको समेत माया पाएकी छन । सज्जा हजारौं प्रतिस्पर्दीलाई हराउदै नेपाल आईडल सिजन ३ की एक्ली महिला प्रतिस्पर्दी हुन ।

पथरीश-निश्चरेमा आधारभुत शिक्ष हासिल गरेकी सज्जा पारिवारिक समस्याले गर्दा बुवा-आमासंगै काठमाडौ बस्दै आएकी छन। आर्थिक अवस्था कम्जोर भएका कारण बार र रेष्टुरेन्टमा गित गाउदै भाइलाई पढाउदै आएकी छन ।

बैदेशीक रोजगारीमा रहेका उनका बुबा रोगका कारण केहि बर्ष यता घरै बस्दै आएका छन भने आमा परिवार रोजगारको सिल्सीलामा साइप्रर्समा छन । आर्थिक अवस्था कम्जोर रहेकाले सज्जा पनि रोजगारका लागि माल्टा जाने तयारीमा थिइन ।

नेपाल आईडल सिजन तिन हुने भए पछि काठमाडौको पेम्बा घिसिङ दाईले एक पटक भिड भनेर हौसला दिए पछि उनको माल्टा जाने सपना नेपाल आईडलले जिती दिएको छ।

आर्थिक अवस्था कम्जोर भएका कारण पेम्बा दाईको मार्फत बार रेष्टुरेन्ट र होटलहरुमा गाउँदै घर चलाएको भाइ सविन चौलागाईको भनाई छ ।

स्कुल पढ्दै देखि गायनमा रुचि राख्ने सज्जाले काठमाडौको स्टपोल स्कुलमा कक्षा ८ मा पढ्दा भएको गायन प्रतियोगितामा तारा देवि र कुन्ती मोक्तानको हातबाट गोल्डेन मेडल (प्रथम स्थान) पाएको सज्जाका बुबा टंक चौलागाई बताउछन ।

नेपाल आईडलको टपमा पुगे पछि निर्णनायकको हातमा नहुने भएकाले सज्जाका भाई सविन र बुबा टंक सबै दर्शक र स्रोता संग कला र गलाको मुल्याङकन गर्दै सज्जालाई भोट अपिल गर्न आफ्नै गाँउ ठाँउ आएका छन ।

पथरी-शनिश्चरे नगरपालिकाले पनि नगरको पहिचान गराएकोमा गैरव मान्दै सज्जा जिताउ अभियान सहयोग समिति बनाएर अघि बढ्ने भएको छ। ९ गते आईतबार नगर परिसरमा सज्जाका बाबु, भाइ, स्थानिय अग्रज र नगर प्रमुख सहितको भेलाले समिति बन्ने निर्णय गरेको छ ।

नेपालका चर्चित रियालिटी शो नेपाल आइडलको तेस्रो संस्करणमा मोरङकी सज्जा चौलागाई, बर्दियाका प्रविण बेडवाल, चितवनका केभिन तामाङ, म्याग्दीका नेसन पुनले प्रतिश्पर्धा गरिरहेका छन् ।

नेपालबाट एस एम एस, इसेवा र रेक्स्पेक्ट एण्ड राईट एप्स मार्फत आफुलाई मनपर्ने प्रतियोगीलाई भोट गर्न सकिनेछ ।

नेपाल आइडलमा विगतमा झैं यो सिजनमा पनि न्त्यू वज्राचार्य, कालीप्रसाद बाँस्कोटा र इन्दिरा जोशी निर्णायक छन् भने होस्टमा माम्पी घोष र आशिफ रहेका छन्। पहिलो संस्करणमा पोखराका बुद्ध लामा र दोस्रो संस्करणमा कैलालीका रवि ओड नेपाल आइडल बनेका थिए ।

# अतिथी गृहलाई कोराइन्टाईन बनाउन सहमत

विराटनगर । कोरोना वाइरस विश्वमा संत्रास मचाई रहेको वेला नेपालमा कोरोनाको संक्रमण देखिएमा त्यसको पूर्व तयारीको लागि विराटनगरमा रहेको अतिथी गृहलाई क्वारोनटाईन वनाउन संचालक समितिले सहमती जनाएको छ ।

अतिथी गृह मात्र होइन विरटनगरमा उद्योगी, व्यवसायी तथा खास गरी मारवाडी समुदायमा संचालित मारवाडी सेवा समितिको भवन र जैन भवनमा क्वारेन्टाइन बनाउने सहमति भएपछि विराटनर महानगर पालिकाल जम्मा दुई सय २० कोठाको क्वारेन्टाइनको व्यवस्था महानगरले गर्न लागेको छ

ती सामाजिक संस्थाले कोठाहरु क्वारेन्टाइनका लागि प्रयोगमा ल्याइने भएको छ। त्यहाँ एटेच ट्वाइलेट तथा वाथरुमसहितको कोठाहरु क्वारेन्टाइनमा बस्न आउनेहरुले पाउने बताइएको छ। विराटनगरमा रहेको अतिथि सदनमा ४०, मारवाडी सेवासदनमा २०, कालीसेवा सदनमा २०, रामजानकी सेवासदनमा २०, जैन भवनमा २० गरी डवल वेडको कोठाहरु क्वारेन्टाइन प्रयोजनमा ल्याइ सकेको छ।

यस्तै महानगरले विरानगर स्थित वडा नं.१९ मा रहेको बैझनाथपुर स्वास्थ्य चौकीमा २० बेडको क्वारेन्टाइन बनाइएको छ। यी दुबैमा गरी २ सय २० वेड क्वारेन्टाइनका लागि तयारी अवस्थामा राखिएको छ । देश नै संकटमा परेको बेला सबैले आफ्नो क्षेत्रबाट सहयोग गर्न जरुरी रहेको उद्योगी तथा समाजसेवी दिनेश गोल्छाले बताए ।

# नेपाली कांग्रेस द्धारा तीन हजार नौ सय मास्क वितरण

विराटनगर। कोरोना भाइरसको संत्रास फैलि रहेकोवेला कोरोना भाइरसको संक्रमणवाट बच्नका लागि नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. शेखर कोइरालाले गरीब तथा विपन्न परिवारलाई तीन सयवटा माक्स वितरण गरेको छ। विराटनगर महानगरपालिकाको वडा नम्बर १२ को टोलटोलमा गई जनप्रतिनिधी मार्फत मास्क वितरण गरिएको थियो ।

.तर कोरोना संक्रमण खतराको बेला धेरै समूह भेला हुन नहुने भएकोले प्रतिनिधिमार्फत घर घर पुगेर मास्क वितरण गर्ने प्रबन्ध



मिलाएको थियो। जनचेतनाका लागि मात्र मास्क र कोरोनाबाट बच्न सकिने उपाय छापिएको पर्चा लिएर टोलमा कोईराला पुगेका थिए। संकटको बेला सबैले आ-आफ्नो घरमा बसेर कोरोनालाई पराजय गर्न अग्रह गरेका थिए ।

मास्क वितरण जनचेतनाका लागि सानो प्रयास भएको नेपाली कांग्रेसका प्रदेश १ का प्रदेश सदस्य एवम् प्रुमख सचेतक केदार कार्कीले बताए

मधेशी वाहुल्य भएको विराटनगर महानगर पालिका वडा नं. १२ कोइरालाको निर्वाचन क्षेत्र पनि भएकोले सोवडाका उत्तर बखरी, दक्षिण बखरी, पाञ्चाली, रोडशेष चौक, मझुवा, दरेहैया, दरेहैया आदर्श टोल, गढा टोल, कोशी प्रोजेक्ट, सिकियाही, मलहनुवा, कृष्ण मार्ग र सगरमाथा टोलमा मास्कसंगै नियमित हातधुनु नै कोरोनावाट बच्ने मुख्य माध्यम भएकोले दुई-दुई थान साबुन पनि वितरण गरिएको थियो ।

# कोरोना सम्बन्धी निर्देशिका जारी
# कोरोना शंका भएको परिचय गोप्य राख्न निर्देशन

विराटनगर । विश्व व्यापी रुपमामा फैलि रहेको कोरोना भाइरस सम्वन्धी संचार माध्यमहरुले भ्रमक तथा तथ्य रहीत समाचार प्रकाशन तथा प्रसारण गरेको भन्दै प्रेस काउन्सील नेपालले संचार माध्यमको लागि चैत्र १० गते निर्देशिका जारी गरेको छ । सो निर्देशिका अनुसार कोरोना भाइरसको शंका भएको परिचय गोप्य राख्नु पर्ने उल्लेख गरिएको छ।

सोही निर्देशिका अनुसार अव पत्रकार तथा संचार माध्यमहरुले नेपालमा कोरोना भाइरसवाट संक्रमित भएमा त्यसको परिचय खुलाउन पाउदैन

नोबेल कोरोना भाइरसको सङ्क्रमण सम्बन्धमा समाचार सामग्री प्रकाशन, प्रसारण गर्दा अपनाउनुपर्ने सावधानी र निर्वाह गर्नुपर्ने दायित्वका सम्बन्धमा सञ्चारमाध्यम र पत्रकारलाई तुरून्तै लागू हुने गरी प्रेस काउन्सिल ऐन, २०४८ दफा ७ को खण्ड (ख) द्वारा प्रदत्त अधिकारबमोजिम नेपाल पत्रकार महासंघको सहमतिमा प्रेस काउन्सिल नेपालले महामारीलगायत जनस्वास्थ्यसँग सम्बन्धित समाचार सम्प्रेषण जारी गरेको छ।

निर्देशिकामा भनिएको छ सत्य-तथ्य र आधिकारिक स्रोतबाट पुष्टि भएका सूचना सम्प्रेषण र(१) पत्रकार तथा सञ्चारमाध्यमले कोरोना संक्रमणसम्बन्धी सत्य-तथ्य र आधिकारिक स्रोत वा विषय विज्ञबाट पुष्टि भएका समाचार सामग्री मात्र सम्प्रेषण गर्नुपर्दछ। पत्रकार तथा सञ्चारमाध्यमले सामाजिक सञ्जालमार्फत् प्रवाह गर्ने कोरोना संक्रमणसम्बन्धी समाचार, लेख, सूचना वा जानकारीहरू मर्यादित, सत्य तथ्यपूर्ण र आधिकारिक हुनुपर्दछ। सामाजिक सञ्जालका अन्य प्रयोगकर्ताहरूले प्रवाह गरेका कोरोना संक्रमणसम्बन्धी समाचार, जानकारी वा लेखरकमेन्टहरूलाई शेयर, लाइक वा रिट्विट गरी पुन : प्रकाशन गर्दा पत्रकार तथा सञ्चार माध्यमले आफूले प्रकाशन गरेसरह आधिकारिकतासमेतको ख्याल गरी सम्प्रेषण गर्नुपर्दछ।

त्यसैगरी व्यक्तिगत गोपनीयतामा ध्यान दिनुपर्ने : पत्रकार तथा सञ्चारमाध्यमले आशंकित वा संक्रमितको आशंका गरिएका वा सङ्क्रमितको व्यक्तिगत गोपनीयतामा ध्यान दिनु पर्दछ । कोरोना भाइरसको शंका भएकाको परिचय गोप्य राख्नुपर्दछ। साथै सङ्क्रमित व्यक्तिलाई नकारात्मक असर पार्नसक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन। सङ्क्रमित व्यक्तिको सचेत स्वीकृति र सम्वन्धित आधिकारिक स्रोतको अनुमति विना परिचय सार्वजनिक गर्नु हुँदैन ।

सोही निर्देशिकामा लाञ्छना वा आरोप लगाउन नहुने भन्दै पत्रकार तथा सञ्चारमाध्यमले कोरोना संक्रमणसम्बन्धी समाचार सामग्री प्रवाह गर्दा कोरोना भाइरसलाई कुनै देश, क्षेत्र वा समुदायसँग जोड्ने वा तिनका कारण फैलिएको भनेर आरोपित गर्नु हुँदैन। यसैगरी कुनै पनि सङ्क्रमित व्यक्तिलाई लाञ्छना वा व्यक्तिगत आरोप लगाउने गरी समाचार सम्प्रेषण हुनु हुँदैन। जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक, र राजनीतिक आस्था, वर्ण वा शारीरिक, मानसिक अवस्थाजस्ता कुनैपनि आधारमा कसैमाथि भेदभाव हुने वा घृणा उत्पन्न गर्ने गरी समाचार सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन ।

समाचार प्रकाशन प्रसारण गर्दा डर, त्रास र सनसनी फैलने गलत, अतिरञ्जनापूर्ण र अनाधिकृत सूचना वा हल्लाहरुलाई स्थान दिन नहुने: पत्रकार तथा सञ्चारमाध्यमले कोरोना संक्रमणसम्बन्धी समाचार सामग्री प्रवाह गर्दा नेपाल सरकारको आधिकारिक निकायबाट पुष्टि नभएका अनाधिकृत, गलत र अतिरञ्जनापूर्ण सूचना तथा हल्लाहरुलाई स्थान दिनु हुँदैन। पाठक, स्रोता र दर्शकमा निराशा वा उत्तेजना हुन नदिन सदैव विशेष संवेदनशीलता र सतर्कता अपनाउनु पर्दछ भनिएको छ।

पत्रकार तथा सञ्चारमाध्यमले सङ्क्रमित व्यक्तिका नातेदार वा नजिकका व्यक्तिको नाम, ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्बिर र दृश्य उत्पादन, वितरण वा प्रकाशन-प्रसारण गर्नुहुँदैन । त्यसैगरी दृश्य र तस्बिर प्रकाशन वा प्रसारण गर्न नहुने र पत्रकार तथा सञ्चारमाध्यमले सङ्क्रमण भई निधन भएका व्यक्तिका दृश्य एवं तस्बिरहरू सम्प्रेषण गर्नुहुँदैन भनिएको छ

गल्ती सच्याउन पत्रकार तथा सञ्चारमाध्यमले प्रवाह गरेका कोरोना सङ्क्रमणसम्वन्धी समाचार सामग्रीमा कुनैपनि त्रुटि एवं गल्ती भेटिएमा यथाशीघ्र सच्याई त्यसबारे सोही सञ्चार माधयमबाट सार्वजनिक जानकारी गराउनु पर्दछ । साथै प्रेस काउन्सिलले गल्ती सच्चाउन दिएको निर्देशनको तत्काल पालना गर्नु पर्दछ । प्रेस काउन्सिलले अनुगमन तथा कारवाही गर्ने अन्तरगत पत्रकार तथा सञ्चार माध्यमले यो निर्देशिकाको पालना गरे नगरेको प्रेस काउन्सिल नेपालले अनुगमन गरी प्रेस काउन्सिल ऐन २०४८ र पत्रकार आचारसंहिता, २०७३ (संशोधित(२०७६) अनुसार आवश्यक कारवाही गर्न सक्ने छ उल्लेख गरिएको छ।

प्रेस काउन्सिलले हालै मात्र नेपाल दूरसञ्चार प्राधिकरणसँगको समन्वयमा आचारसंहिता र निर्देशिका विपरीत कोरोना भाइरस सङ्क्रमणसम्बन्धी भ्रामक समाचार सम्प्रेषण गर्ने दर्ता नै नभएका करीब दुई दर्जन वेबसाइटहरु बन्द गरि सक्केो छ। यसबाहेक विभिन्न ३२ सञ्चार माध्यमलाई आचारसंहिता विपरीतका समाचार सामग्री हटाउन लगाईस्पष्टीकरण समेत माग गरि सकेको छ।

# प्रदेश नं. १ बाटै कोरोना परिक्षणको तयारी

विराटनगर। कोरोना भाईरस (कोभिड १९) का शंखास्पद विरामीको परिक्षण प्रदेश १ बाटै शुरु हुने भएको छ। शंखास्पद विरामीको नमूना संकलन गरि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु काठमाण्डौं पठाउँदा रिपोर्ट आउन ढिलो भएपछि प्रदेश स्तरमै नमूना परिक्षणको तयारी गर्न लागिएको छ ।

नेपाल सरकारले काठमाण्डौं सहित ७ वटै प्रदेशबाट परिक्षण गर्ने तयारी गरेसँगै प्रदेश नं. १ सुनसरीको धरानमा रहेको विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा टेकुमा प्रयोग भएको जस्तै कोरोना परिक्षण गर्ने ल्याव सञ्चालनमा ल्याउने तयारी गरि रहेको छ।

ल्याव राख्ने स्थलको प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेले स्थलगत निरिक्षण गर्नुभएको छ। ल्यावका लागि आवश्यक सम्पूर्ण उपकरणहरु आईसकेको भन्दै शनिवार सम्म संचालनमा ल्इाउने मन्त्री घिमिरले वताएका थिए । तर प्रविधीक कारणले शनिवार पनि सो ल्याव संचालन हुन सकेनन् । प्रदेश सरकारले विराटनगरमा एक साता भित्रमा ५० शैयाको कोराना अस्पताल पनि सञ्चालनमा ल्याउने भएको छ । अस्पतालको निर्माण कार्य अन्तिम चरणमा पुगेको मन्त्रीले जानकारी गराए ।

सुचना सुचना सुचना

१८

स्वस्थ पत्रकारिताको विकास स्वतन्त्र र हकअधिकारको जगेर्ना, राष्ट्रिय सर्वमान्य प्रचलन र मान्यतालाई समायोजन गर्दै अगाडि बढ्नु आजको अपरिहार्य आवश्यकता हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रशारण विभाग

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## कोरोनाको...

गर्नु पर्ने अवस्थामा पनि पुग्न सक्छन् ।अनौपचारिक रोजगार

व्यवसायिक प्रतिष्ठान बाहेक पनि महामारीको असर केही व्यक्ति तथा परिवारमा दूरगामी हुन सक्छ । विशेष गरी अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमशक्तिलाई बढी असर गर्दछ । महामारीले कारोबार सुस्त हुँदा वा बन्द गर्नुपरेमा सबैभन्दा पहिला अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकको रोजगार गुम्छ । अल्पकालमा मानिसहरूको प्रतिक्रिया देखिन थालेको छ । शहरी क्षेत्रबाट ग्रामीण भेगमा जाने धेरैजसो मानिसहरू यही समूहमा पर्छन् ।

यस्ता श्रमिकहरू अनौपचारिक श्रम सम्बन्धमा हुन्छन् अर्थात् उनीहरू करार बिना काम गर्ने, नियमित भन्दा दैनिक ज्यालादारीमा रहने, तलवी बिदा नहुने, बिमा औषधि उपचार वा स्वास्थ्य विमा नहुने र सामाजिक सुरक्षामा पनि संलग्न नहुने हुन्छन् ।

नेपालमा कार्यरत श्रमशक्तिको करिब ८५ प्रतिशत अनौपचारिक रोजगारमा छन् र ती प्राय निजी क्षेत्रमा आबद्ध रहेका छन् ।

कोरोनाले मुख्य प्रभाव परेको सेवा क्षेत्रमा आबद्ध करिब ७५ प्रतिशत अनौपचारिक रोजगारीमा रहेका छन् । यसमा पुरुष भन्दा महिलाहरूको प्रतिशत अझ बढी छ । उनीहरूको वचतको स्तर पनि कम हुने भएकोले बन्दाबन्दी लम्बिँदै जाँदा आधारभूत आवश्यकता जस्तै खाद्य असुरक्षा पनि बढ्दै जान्छ ।

अनौपचारिक रोजगारमा रहेकाको जागिर बाट निकालिएका कामदारहरूले फेरि त्यही स्थानमा रोजगार पाउने सुनिश्चित हुँदैन । होटेलहरू यो जनस्वास्थ्यसम्बन्धी संकट टरिसकेको पनि केही समय व्यापार शुरु नगर्न सक्छन् वा उपभोक्ता को वहाव पुरानो स्तरमा फर्कन समय लाग्न सक्छ । यस्तोमा रोजगारीको दरमा पनि कमी आई दीर्घकालीन जीविकामा नकारात्मक असर पर्दछ ।

राहतको प्रस्तावना

सरकारले कस्तो आर्थिक रणनीति अपनाउने भन्ने कुरा यो महामारीले कुन रूप र आकार लिन्छ, सम्पूर्ण प्रक्रिया सकिनलाई कति समय लाग्छ र संक्रमणको रिकभरी प्याटर्न कस्तो हुन्छ भन्ने कुराले प्रभाव पार्छ भने यसैले अर्थतन्त्र पुनर्निर्माणको कस्तो नीतिगत उपकरणको प्रयोग गर्ने भन्ने कुराले निर्धारण गर्छ ।

अहिलेसम्म कोरोनाको महामारीले अर्थतन्त्र रोकिएर पुन : सञ्चालन हुने उदाहरण चीन मात्र हो जहाँ करिब तीन महिनामा संक्रमण नियन्त्रणमा आएको छ । युरोपका देशहरू र अमेरिकामा घटनाक्रमहरू विकसित हुने क्रममै छन् । भारतलगायतका देशमा संक्रमण शुरुवाती अवस्थामा नै छ ।

यसैले यदि कोरोना महामारीको असर ३र४ महिना रहने अनुमान हो भने अबको एक चौमासिक अल्पकालीन समयावधि मान्न सकिन्छ । त्यसैगरी अबको आर्थिक बर्ष २०७७/७८ मध्यकालीन हुन सक्छ भने त्यस पछिको समय दीर्घकालीन मान्न सकिन्छ । सरकारको नीतिगत कदमहरू क्रमिक रुपमा अल्पकालीन मध्यकालीन र दीर्घकालीन असरलाई मध्य नजर गरेर हुनु पर्दछ ।

यस हिसाबले अल्पकालमा सरकारी कामकारबाही संक्रमणलाई रोक्न र संक्रमितको उपचारमा केन्द्रित हुनु पर्दछ । तर अहिले देशमा एक नभई ७६१ वटा सरकारहरू छन् । त्यसैले स्वास्थ्य उपचार र संक्रमण भएका वा क्वारेन्टाइनमा रहेका वा अन्य संक्रमण हुन सक्ने वर्गहरूको प्रत्यक्ष हेरचाह गर्न आवश्यक वित्तीय स्रोतको व्यवस्थापनका लागि संघ सरकारले प्रदेश सरकारसँग रहेको नगद मौज्दातको प्रयोग गर्न सम्बन्धित सरकारहरूलाई निर्देशन दिनु पर्दछ ।

यस्तो महामारीमा पनि निजी क्षेत्रको भूमिका गौण रहँदा उनीहरू विशुद्ध सेवाको भावना भन्दा नाफालाई सर्वोपरी राखेर काम गरेको प्रस्ट हुन्छ ।

यसैगरी बन्दाबन्दीले जनजीविकाका दिनानुदिनका आवश्यकता पूर्तिमा परेको प्रभाव न्यूनीकरण गर्नु दैनिक ज्यालादारीमा काम गर्ने वा प्रत्यक्ष असरमा परेका अत्यन्त विपन्न परिवारलाई तत्काल राहत प्रदान गर्न स्थानीय सरकारलाई जिम्मा दिनु उचित हुन्छ ।

यसले सबैभन्दा प्रभाव परेका र वास्तविक आवश्यकता भएका समूह व्यक्ति वा परिवारको पहिचान गर्न सजिलो हुने मात्रै नभएर राहतको वितरण प्रक्रिया पनि छिटो र प्रभावकारी ढङ्गले हुन्छ । यसमा स्थानीय सरकारले आफ्नो गाउँ ठाउँको अवस्था हेरेर स्वनिर्णय गर्न सक्छ । संघ सरकारले यस सम्बन्धमा समन्वय गर्ने र कार्यान्वयनको क्रममा आउने वाधा अड्काउ फुकाउनु पर्दछ ।

यसबाहेक संघ सरकारले प्रदेश तथा स्थानीय सरकारले गर्न नसक्ने अन्तर्देशीय आपूर्तिलाई सुनिश्चित गर्नेछ । संक्रमण परीक्षण र उपचार गर्न आवश्यक पर्ने सामाग्री र औषधिहरू किन्न विदेशी सरकार वा कम्पनीसँग समन्वय गरी खरिद प्रक्रियामा ध्यान दिनु उपयुक्त हुन्छ । त्यसैगरी चीन, दक्षिण कोरियालगायतका देशहरूको स्वास्थ्य कर्मीको अनुभवबाट सिकेर हाम्रा स्वास्थ्य जनशक्तिलाई तालिम दिने र उपचारका विशिष्ट सेवाको समग्र समन्वयको भूमिकामा संघ सरकार रहनु पर्दछ ।

तर २/३ महिना व्यापार ठप्प वा मन्द हुँदा व्यापारीहरूले तिर्नुपर्ने दायित्व विशेष गरी ऋणको सावा व्याज भुक्तानी र कर्मचारीहरूलाई दिने तलव दिन साना तथा मझौला व्यवसायहरूलाई धान्न गाह्रो हुन्छ । यसैले अहिले उनीहरूको दायित्वलाई पछाडि सार्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ । जस्तो चौमासिक रूपमा तिर्नुपर्ने बैंकको व्याज असार पछि तिरे पनि हुने व्यवस्था गर्न सकिन्छ । अहिले तिर्नुपर्ने कर दाखिलाको समय सीमा बढाउन सकिन्छ ।

यसैबीचमा तीनै तहका सरकारहरूले अर्को वर्षको बजेट पनि तयार गर्नुपर्ने हुन्छ । क्षतिलाई कम गर्ने र अर्थतन्त्रलाई पुरानो लयमा फर्काउने आर्थिक नीति निर्माताहरूको मुख्य लक्ष हुनु पर्दछ । यसका लागि प्रभावित क्षेत्रका व्यवसाय तथा कामदारहरूलाई राहत दिई कारोबारहरुको चाँडो पुन : सञ्चालन हुनु पर्दछ ।

सरकारले नै सम्पूर्ण रूपमा बन्दाबन्दी गर्ने निर्णय गरेसँगै सबै क्षेत्रलाई असर पर्ने त भयो तर अगाडि भनिए जस्तो असर सबै क्षेत्रलाई बराबर पर्दैन । सरकारी स्रोत सीमित हुनाले सबैभन्दा बढी र मुख्य रूपमा सरकारी सहायताबिना पुनस् सञ्चालन हुन नसक्ने गरी असर परेका समूहलाई मात्रै सहायता दिनु उचित हुन्छ ।

क्षेत्र गत हिसाबले विशेष गरी सेवा त्यसमा पनि पर्यटन सम्बन्ध र बन्दाबन्दी लामो समयसम्म रही रहेमा निर्माणमा र यातायात क्षेत्रलाई विशेष प्रभाव पर्ने देखिन्छ । कोरोना नहुँदा पनि अन्य अक्षमताको कारणले समस्यामा रहेका व्यवसायलाई राहत दिन सकिँदैन । त्यसो भएमा सहयोगको लागत एकदमै धेरै हुने मात्र नभै सर्वसाधारणले तिरेको करको दुरुपयोग पनि ठहरिन्छ । नाफा कमाउने त्यस्ता व्यवसाय रहने वा बन्द हुने कुरा बजारले नै निर्धारण गर्दछ ।

यसरी राहत दिँदा पनि साना र ठूला व्यवसायलाई छुट्याएर फरक तरिकाले हेरिनु पर्छ । मिडियामा आएजस्तो सबैलाई २ वर्ष ब्याज मिनाहा गर्ने कुरा सम्भव र जायज दुवै हुँदैन । ठूला व्यवसायलाई नगद प्रवाह मिलाउन मात्र सहयोग गर्दा हुन्छ जुन माथि भनिएजस्तो व्याज तिर्ने वा कर दाखिला गर्ने समयावधी बढाएर सहयोग गर्न सकिन्छ । यस्ता व्यवसायलाई एक वा दुई वर्षको लागि सहुलियत कर्जा दिन सकिन्छ ।

यसबाहेक घरबाट काम गर्ने कर्मचारीलाई घरमा काम गर्दा लाग्ने खर्चबापत निश्चित रकम (उदाहरणको लागि बीस हजार) कर गणना बाट घटाउन मिल्ने बनाउन सकिन्छ । अर्को तर्फ असर परेका साना तथा मझौला व्यवसायीलाई पहिचान गरी उनीहरूको दायित्वनै घटाउन वा दायित्व बहन गर्न सघाउन सकिन्छ ।

सरकारको मुख्य चुनौती भनेको वास्तविक असर परेका व्यवसाय र त्यसको आयतन पत्ता लगाउनु हो । यसको सबैभन्दा न्यायोचित र सरल उपाय भनेको वर्षमा निश्चित कारोबार गर्ने व्यवसायहरूलाई उनीहरूले पुष महिनासम्म तिरेको करलाई आधार लिन सकिन्छ । यसमा व्यवसायिक कर दाखिलालाई हेरेर सोही बराबर तिरेको कर फिर्ता दिन सकिन्छ ।

यस बाहेक १० वा सो भन्दा कम कर्मचारी खटाउने व्यवसायमा कार्यरत कर्मचारीको यो आर्थिक वर्षको बाँकी आयकर छुट दिने व्यवस्था गर्न सकिन्छ । यदि त्यस्तो व्यवसाय सामाजिक सुरक्षा कोषमा आबद्ध भएको भए वा असारसम्म आबद्ध हुने भएमा व्यवसाय र कर्मचारीले तिर्नुपर्ने योगदानसरकारले तिरिदिने व्यवस्था गर्न सकिन्छ ।

तर यतिले पनि अनौपचारिक क्षेत्रमा रहेका कामदारहरूलाई राहत पुर्‍याउन सकिँदैन । यसको प्रमुख कारण तथ्याङ्कको अभाव नै हो । हामीसँग अनौपचारिक क्षेत्रमा काम गर्न मानिसलाई परेको प्रभावको अनुमान गर्न पनि अत्यन्त कठिन छ ।

भारतमा सबै भारतीयलाई आधारकार्ड अनिवार्य भएकोले र उक्त कार्ड बैंक खाता वा सिमकार्ड वा रासन कार्डसँग जोडिने भएकोले न्यून आय भएकाहरु पनि उपभोगको स्तर र त्यसमा परेको असर आँकलन गर्न सकिन्छ ।

भारतमा धेरै व्यक्तिको बैंकमा खाता छ जसको माध्यमबाट सरकारले सिधै रकम व्यक्तिसम्मम पुर्‍याउन सक्छ । तर नेपालमा त्यस्तो प्रणाली नभएकोले लक्षित समूहको पहिचान गर्न र राहत वितरण गर्न सधैँ कठिन र तदर्थ अभ्यास भइआएको छ । यसले विगतमा लक्षित समूहसम्म राहत तुरुन्त पुर्‍याउन नसकिने र दुरुपयोगको सम्भावना सधैँ उच्च रहने गर्दछ ।

सरकारसँग रोजगारदातालाई सोधेर कामदार संख्या गणना गरी उसैको माध्यमबाट राहत दिने विकल्प पनि छ । तर यसले सरकारी राहत रकम व्यक्ति हातसम्म पुग्ने वा प्रतिष्ठानले राहत पाई रोजगारीको निरन्तरता सुनिश्चित गर्छन् भनि पत्याउन गाह्रो छ । यसै पनि यो विकल्पले फेरि पनि स्वरोजगारमा रहेका वा दैनिक ज्याला मजदुरी गर्ने मानिससम्मको पँहुच स्थापित गर्दैन ।

बरु संघ सरकारले निश्चित रकम तोकी सम्बन्धित घर परिवारलाई स्थानीय सरकारले पहिचान गरी वितरण गर्ने व्यवस्था गर्न सकिन्छ । यस्तो व्यवस्थाको प्रदेश र स्थानीय सरकारको बजेटमै व्यवस्था गर्न सकिन्छ ।

यसरी रकम दिँदा पाउने व्यक्तिहरूको नाम र रकम तुरुन्त सार्वजनिक गर्दा दोहोरो हुने संभावना कम हुने र दुरुपयोग रोक्न सहज हुन्छ । यसरी व्यक्ति तथा परिवारलाई सिधै राहत रकम दिइने प्रणाली नौलो होइन । अहिलेसम्म राहत प्याकेज घोषणा गरेका ४५ देशमध्ये अमेरिका वा भारतलगायत ३० देशले कुनै न कुनै रूपमा नगद हस्तान्तरणको पाटो समावेश गरेका छन् ।

सरकारले राहत वितरण गर्नुपर्छ भनिरहँदा अहिलेको बन्दाबन्दीको कारणले सरकारको राजस्व क्षमतामा पनि कमी आउने भएकोले सरकार सँग ठूलो वित्तीय स्पेस नहुने कुरालाई पनि ध्यान दिनु पर्छ ।

सार्वजनिक स्रोतलाई महामारी रोकथाम र नियन्त्रणमा लगाउनु पर्ने अतिरिक्त खर्चले वित्तीय घाटा झन् फराकिलो हुनेछ ।

यस्तोमा प्रधानमन्त्री रोजगार योजना वा संसद विकास कोष जस्ता कार्यक्रमलाई छुट्याइएको रकम प्रयोग गर्न सकिन्छ । त्यसैगरी बजेटमा राहत बाहेकका नयाँ आयोजना समावेश नगर्दा उपयुक्त हुन्छ । तर त्यतिले मात्रै वित्तीय घाटा पूर्ति हुँदैन । यसका लागि सरकारले बाह्य ऋणको दायरा बढाउनु पर्नेछ ।

त्यसैगरी सरकारले लिने त्यस्ता नीतिले मागमा बढोत्तरी गरी मुद्रास्फीतिमाथि बढाउने दबाव दिन्छ । मुद्रास्फीति अहिलेनै लक्षभन्दा माथि रहेकोले नेपाल राष्ट्र बैंकलाई नियन्त्रण गर्ने बारेमा अहिले देखि योजना बनाउन जरुरी हुन्छ ।

मध्यकालीन समयावधिमा बजारमा तरलता को समस्या उत्पन्न हुन सक्छ । पुन सञ्चालनमा आएका व्यवसायले बढ्दो मागलाई पूर्ती गर्न बैंकिङ क्षेत्रमा तरलताको अभाव हुन नदिने बारेमा पनि केन्द्रीय बैंक सजग रहनु पर्ने देखिन्छ ।

आगामी दिनहरू

अहिले अर्थतन्त्रमा लागेको कालो बादलमा चाँदीको घेरा पनि छ । अर्थतन्त्रमा जुन अपझ्र्ट असर परेको छ त्यसबाट पुन : प्राप्ति पनि चाँडो हुने अनुमान गर्न सकिन्छ । वैश्विक वा राष्ट्रिय अर्थतन्त्रमा दिगो मन्दीको सम्भावना भने न्यून छ ।

नेपालमा पनि यो वर्षको निम्न आधार, अर्को वर्ष माग हुने बढोत्तरी र तामाकोशी लगायतका आयोजना पनि सञ्चालनमा आउने भएको फेरि उच्च आर्थिक वृद्धिमा फर्कन समस्या नहोला । तर कोरोना संकटले दीर्घकालीन रूपमा राज्यले चाल्नुपर्ने केही कदमहरूको पाठ सिक्न फेरि घचघच्याएको छ ।

पहिलो हामीलाई विप्रेषणमा आधारित अर्थतन्त्रको विकल्प चाहिएको छ । यसरी हुने आर्थिक झट्का लामो समय सम्म रह्यो भने हाम्रो जस्तो अर्थतन्त्रले धान्दैन । अब पनि हाम्रो अर्थतन्त्रको आधारभूत संरचनामा परिवर्तन नगरी यस्ता झट्काले सधैँ जोखिम बनाइरहन्छ ।

दोस्रो स्वास्थ्य, शिक्षा जस्ता आधारभूत क्षेत्रमा निजी क्षेत्रको भूमिकालाई पुनर्मूल्याङ्कन गर्नु पर्ने देखिएको छ । यस्तो महामारीमा पनि निजी क्षेत्रको भूमिका गौण रहँदा उनीहरू विशुद्ध सेवाको भावना भन्दा नाफालाई सर्वोपरी राखेर काम गरेको प्रस्ट हुन्छ । संविधानले अर्थतन्त्र समाजवाद उन्मुख भनि परिभाषित गर्दै गर्दा आधारभूत क्षेत्रमा निजी क्षेत्रले खेल्नु पर्ने विषयमा चर्चा हुनु आवश्यक छ ।

तेस्रो राष्ट्रले आफ्नो नागरिकको तथ्याङ्कको उपलब्धतामा ध्यान दिनु अत्यावश्यक भइसकेको छ । विशेष गरी अर्थतन्त्रको महत्वपूर्ण हिस्सा ओगट्ने अनौपचारिक क्षेत्रको बारेमा जानकारीको अभाव हुनु लाई अब सामान्य मान्न सकिन्न । सबै नेपालीलाई समृद्ध नेपालमा समावेश गर्ने हो भने उनीहरूको अवस्था बुझ्नु अपरिहार्य छ ।







पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर
MAX
Maximum care for life
INTERNATIONAL HOSPITAL
&
TRAUMA CENTER (P.) Ltd.
Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895